मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अर्बाबाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं. मिति: २०८३/०५/११ गते

प.सं. २०८३/०८४ नेपाल सं. ११४६ गुंलाथ्व

## प्रेस विज्ञप्ति

मिति २०८३ भाद्र १० गते विहान रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको आकस्मिक बाढीवाट रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लामा भएको जनधनको क्षतिप्रति मालिका गाउँपालिका गहिरो दु:ख व्यक्त गर्दछ। विपद्को यस कठिन परिस्थितिमा बाढी प्रभावित नागरिकको राहत, उद्धार तथा पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउन उद्देश्यले गाउँपालिकाबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ। मिति २०८३ भाद्र ११ गते प्रमुख प्रशासकीय अधिकृतको संयोजनमा बसेको बैठकले देहायका निर्णय गरी मालिका गाउँपालिका तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरूको तर्फबाट आर्थिक सहायता संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको छ ।

विपद्को यस दु:खद घडीमा बाढी प्रभावित नागरिकप्रति ऐक्यबद्धता, मानवीय संवेदना र सामाजिक उत्तरदायित्व प्रकट गर्दै कर्मचारीहरूको तर्फबाट गरिएको यस सहयोगले विपद्बाट प्रभावित परिवारको राहत, उद्धार तथा पुनर्स्थापना कार्यमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गाउँपालिकाले लिएको छ। मालिका गाउँपालिका विपद्को समयमा नागरिकको दु:खमा साथ दिने र मानवीय सहयोगमा अग्रसर हुने आफ्नो प्रतिबद्धता अनुरूप प्रभावित नागरिकको राहत तथा उद्धार कार्यमा आवश्यक सहयोग र समन्वयका लागि सम्बन्धित निकायसँग निरन्तर सहकार्य गर्न प्रतिवद्धता व्यक्त गर्दछ । गाउँपालिकाले बाढी तथा विपद्बाट प्रभावित सम्पूर्ण नागरिकको शीघ्र उद्धार, राहत तथा पुनर्स्थापनाका लागि सम्बन्धित सबै पक्षलाई प्रभावकारी समन्वय र सहकार्यमा साथ दिने अनुरोध गर्दछ ।

**निर्णयहरू:**

१. रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको आकस्मिक बाढीबाट प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले मालिका गाउँपालिकाको तर्फ बाट रू.३,००,०००।—( अक्षरेपी तिन लाख रुपैयाँ मात्र), जनप्रतिनिधिहरुको तर्फबाट स्वेच्छिक, गाउँपालिका मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरूको तर्फबाट २ दिनको पारिश्रमिक बराबरको रकम तथा शिक्षकहरुबाट १ दिनको पारिश्रमिक बराबरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने।

२. निर्णयबमोजिमको उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्न आर्थिक प्रशासन शाखाले प्रचलित कानून तथा स्वीकृत प्रक्रिया बमोजिम तत्काल अगाडि बढाउने।

३. विपद्को अवस्थामा प्रभावित नागरिकलाई आवश्यक राहत तथा सहयोग उपलब्ध गराउन सम्बन्धित सरकारी निकाय, स्थानीय तह तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

०५/११

विवेक खनाल

प्रमुख प्रशासकीय अधिकृत